# हंसपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, बघचौड़ा, धनुषा

मधेश प्रदेश, नेपाल

## स्थानीय राजपत्र

खण्ड: २ संख्या: १८ पारित मिति:२०८१/११/१५

भाग-१

हंसपुर नगरपालिका

## हंसपुर नगरपालिकाको कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८१

आज्ञाले,

सार्बजीत कुमार झा

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**हंसपुर नगरपालिकाको कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८१**

**प्रस्तावना:**

नगरपालिकलाई प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान,राजश्व अनुदान, आन्तरिक आय, विशेष एवं संपूरक अनुदानका साथै नगरपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिजेन्सी रकमलाई व्यवस्थित,प्रभावकारी एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीया भएकोले यो कार्यविधि तयार गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८१ रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुने छ।

२. **उदेश्य:**

कन्टिजेन्सी रकम व्यस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उदेश्यहरु निम्नानुसार छन् :

(क) योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न,

(ख) दफा मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिजेन्सी वापटको रकम खर्च गर्न,

(ग) कन्टिजेन्सी वापटको रकमलाई एकीकृत रुपमा लागत राखी सो को योजना कार्यान्वयनमा

(घ) सुव्यवस्थित तवरले खर्च गर्न,

(ङ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न,

(च) कन्टिजेन्सी वापतको रकमको यथार्थपरक विवरण अभिलेखीकरण गर्न, आदि।

३. **कन्टिजेन्सी रकमको व्यसथा:**

नगरपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको तोकिएबमोजिम कन्टिजेन्सी वापटको रकम कट्टा गरी हुन आउने रकमलाई एकीकृत गरी उक्त रकमलाई दफा ४ मा उल्लेख भए बमोजिमका शीर्षकहरूमा मात्र खर्च गर्न सकिनेछ।

४. **खर्च गर्न सकिने क्षेत्रहरु:**

योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी कट्टा रकमलाई नगरपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले गर्न सक्नेछ।

(छ) योजना अनुगमन तथा सुपरिवेक्षण एवं योजनसंग सम्बन्धित प्रशासनिक र वैठक भता लगायत खाजा खाना खर्च,

प्रमुख प्रशासकीय अधिकृत

(ज) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने मसलन्द सामाग्री तथा प्राविधिक सामाग्री खरीद,

(झ) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,

(ञ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु,

(ट) नगरपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

(ठ) लेखापरीक्षण सम्बन्धी अन्य खर्च,

(ड) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभूमुखिकारण/तालिम/गोष्ठी कार्यक्रम संचालनमा लाग्ने खर्च,

(ढ) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको यातायात खर्च,

(ण) स्थानीय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च,

(त) परामर्श सेवा, पुजीगत परामर्श सेवा अन्तर्गतका खर्चहरु,

(थ) चालू खर्चबाट संबन्धित शीर्षकमा समिलित कर्मचारीहरुलाई २५% थप अनुगमन भत्ता दिनेन्छ ।

(द) अन्य विविध खर्च ।

५. **कन्टिजेन्सी रकमको खर्च प्रकृति:**

योजना तथा कार्यक्रमको कुल कन्टिजेन्सी रकम मध्ये प्रशासनिक (चालू) अधिकतम ६० प्रतिशत र पुजीगत अधिकतम ४० प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

६. **कन्टिजेन्सी रकम एकीकृत तथा खर्च प्रणाली:**

नगरपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघीय र परदेश सरकारबाट प्राप्त हुने सशर्त,विशेष तथा समपूरक अनुदान अंतर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई आर्थिक वर्षको शुरुमा नै एकीकृत रुपमा हिसाव गरी सो को लगत राखिनेछ ।

तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिजेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन सगै खर्च गरिने व्यवस्था मिलाइनेछ ।

७. **थपघट, हेरफेर वा संशोधन:**

विधायन समितिको सिफारिसमा कार्यपालिकाले यस कार्यविधिलाई आवश्यक्ता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

८. **बाधा अड्काउ फुकाउने अधिकार:**

(क) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार विधायन समितिको सिफारिसमा कार्यपालिकाको हुनेछ।

(ख) तर प्रचलित ऐन, कानून, नियम र यस कार्यविधिको मुलभूत कुरलाई असर गर्ने गरी बाधा अड्काउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन।

९. **यसै बमोजिम भए गरेको मानीने:**

यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी रकमबाट योजना कार्यन्वयनसंग सम्बन्धित भए गरेको क्रियाकलापहरु यसै निर्देशिका अनुरूप भए गरेको मानीनेछ।

प्रमुख प्रशासकीय अधिकृत